गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय
लमजुङ

प.सं : ०८३/८४
च.नं :

फोन नं : ०६६-५२०१३१

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८३/०५/१०*

यस कार्यालयको चालु आ.ब. २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रममा रहेका तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालनका लागि देहाय अनुसारका न्यूनतम शर्तहरु पुरा गर्ने ईच्छुक कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थालाई आवश्यक कागजातहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०८३ असोज १३ गते) भित्र तोकिएको ढाँचामा यस कार्यालयमा वा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क.सं | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | कुल बजेट | अनुदान / प्रोत्साहनको दर | आवश्यक न्यूनत शर्तहरु तथा अन्य विषयहरु |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित प्रोत्साहन (दूधमा) | १० लाख लिटर | ५० लाख | प्रति लिटर अधिकतम रु ५ | • आवेदक संस्थागत रुपमा वा पास्चुराईज तथा सिलबन्दी प्याकेजिङ गरी दुध बिक्री गर्ने सहकारी संस्था हुनुपर्ने।<br>• दैनिक कम्तीमा २०० लिटर र बार्षिक कम्तीमा २०० दिन दूधको कारोबार गर्ने हुनुपर्ने। |
| २ | बृहत्तर पशु विकास कार्यक्रम | २ वटा | ३० लाख | अधिकतम ९० प्रतिशत | • आवेदक कृषक समूह/समिति/सहकारी हुनुपर्ने।<br>• गाईभैंसीको हकमा कम्तीमा ५० वटा माउपालन र कम्तीमा दैनिक २०० लिटर दुध उत्पादन गरेको, भेडाबाख्राको हकमा कम्तीमा २५० वटा पालन गरेको, बंगुरको हकमा प्रजननको लागि कम्तीमा ५० वटा माउ वा मासुको लागि १०० वटा बंगुर पालन गरेको, स्थानीय कुखुराको हकमा कम्तीमा ५०० वटा पालन गरेको र माछाको हकमा कम्तीमा २० रोपनी क्षेत्रफल जलाशलयमा माछापालन गरेको हुनुपर्ने। |
| ३ | पशु आहारा खरिदमा अनुदान (साईलेज) | २ पटक | ६ लाख | अधिकतम रु ६ प्रति के.जी. वा लागतको ५०% जुन कम हुन्छ सो | • आवेदक कृषि फार्म, कृषक समूह, सहकारी हुनुपर्ने।<br>• फार्मको हकमा न्युनतम ५,००० के.जी. र अधिकतम १०,००० के.जी एवम् समूह/सहकारीको हकमा प्रति आवेदक न्युनतम ५,००० के.जी. र अधिकतम २०,००० के.जी. को लागि सहयोग उपलब्ध गराईने। |
| ४ | बृहत्तर पशु विकास कार्यक्रम(फलोअप) | २ वटा | १० लाख | अधिकतम ९० प्रतिशत | • गत आ.व.मा सोही कार्यक्रममा छनौट भई कार्यक्रम संचालन भएका कृषक समूह/सहकारीले मात्र आवेदन पेश गर्न सक्ने |

इमेल : vhl.lamjung@gmail.com, vhlseclamjung@gandaki.gov.np
वेब-साईट: www.vhlseclamjung.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय

लमजुङ

प.सं : ०८३/८४
च.नं :

फोन नं : ०६६-५२०१३१

| क्र.सं | कार्यक्रमको नाम | बार्षिक लक्ष्य | कुल बजेट | अनुदान / प्रोत्साहनको दर | आवश्यक न्यूनत शर्तहरु तथा अन्य विषयहरु |
|---|---|---|---|---|---|
| ५ | कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम | १०० वटा | १० लाख | प्रति पाडी बाच्छी अधिकतम रु १० हजार र प्रति कृषक अधिकतम रु ५० हजार | • कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थाले आवेदन पेश गर्न सक्ने<br>• कम्तीमा १ वर्ष उमेरको र पहिचानको लागि टयाग लगाईएको कृत्रिम गर्भाधानबाट जन्मेको कोरली पाडी/बाच्छी हुर्काइरहेको हुनुपर्ने<br>• यस कार्यक्रमको लागि आवेदन २०८४ असार ७ गतेसम्म पेश गर्न सकिने |
| ६ | मध्यपहाडी कोरिडोर केन्द्रीत पशुपन्छी प्रवर्द्धन कार्यक्रम(फलोअप) | ३ वटा | ३० लाख | अधिकतम ९० प्रतिशत | • गत आ.व.मा सोही कार्यक्रममा छनौट भई कार्यक्रम संचालन भएका कृषक समूह/सहकारीले मात्र आवेदन पेश गर्न सक्ने |

<u>आवश्यक कागजातहरु:</u>

क) कार्यक्रममा समावेश हुन पाउँ भन्ने व्यहोराको निवेदन
ख) कार्यक्रम अनुसारको तोकिएको ढाँचामा भरेको प्रस्ताव
ग) व्यक्तिको हकमा नेपाली नागरिकता र स्थायी लेखा नम्बर परिचयपत्रको प्रतिलिपि
घ) सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
ङ) समूह/सहकारीको हकमा कार्यक्रम स्वीकृत भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता सहितको कार्यसमितिको निर्णयको प्रतिलिपि, गत आ.व.को लेखापरीक्षण प्रतिलिपि र संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
च) स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपि तथा गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
छ) अघिल्लो दुई आ.व.मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे नगरेको स्वघोषणा पत्र
ज) सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस
झ) कार्यक्रमगत थप आवश्यक पर्ने कागजात:

- उत्पादनमा आधारित प्रोत्साहन (दूध) को लागि अघिल्लो आ.व.को दूधको कारोबारको अभिलेख।
- कृत्रिम गर्भाधानबाट जन्मेका पाडीबाच्छी हुर्काउन प्रोत्साहन सहयोग कार्यक्रमको लागि (कृत्रिम गर्भाधान गरेको विवरण खुल्ने कागजात, कम्तीमा १ वर्ष उमेरको कोरली पाडी/बाच्छी भएको भनी प्राविधिकले दिएको सिफारिस पत्र, सम्बन्धित पशुको बीमा सम्बन्धी कागजातको प्रतिलिपि र टयाग देखिने फोटो

*पुनश्चः उल्लेखित कार्यक्रमहरु "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" र कार्यक्रम संचालनसँग सम्बन्धित मापदण्डहरु अनुसार कार्यान्वयन हुनेछन्। उल्लेखित कार्यविधि तथा सम्बन्धित मापदण्डहरु यस कार्यालयको वेबसाईट vhlseclamjung.gandaki.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ। म्याद सकिएपश्चात प्राप्त हुने वा तोकिएका कागजातहरु समावेश नभएका आवेदनहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन। थप जानकारीको लागि सम्पर्क: ०६६-५२०१३१, ९८५६०४३१४०*

डा. सुनिल न्यौपाने
कार्यालय प्रमुख